# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
**बागमतीप्रदेश, नेपाल**

## मिति २०८१।०१।१७ गते बसेको ४३ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी प्रगतिको बारेमा जानकारी भयो ।

२) हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको जानकारी हुनुका साथै वडा नं. ३ र १२ को बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ सम्म स्वीकृत गर्ने ।

३) हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र वडा नं. ८ को कि.नं. २५७ को क्षेत्रफल १२-९-१० विगाह जग्गा मध्ये ५ बिगाह जग्गा सशस्त्र प्रहरी बल, नेपाल नं. १४ गण हे.क्वा.मकवानपुरको लागि माग भएको, इलाका प्रहरी कार्यालय नेवारपानीको भवन निर्माणको लागि हेटौंडा उपमहानगरपालिका वडा नं. १९ को प्रहरी कार्यालय नेवारपानीको हाताभित्र रहेको अन्दाजी ०-८-० जग्गा माग भएको, त्यसैगरी हेटौंडा उपमहानगरपालिका अन्तर्गतका वडा नं. ५ र १६ को आफ्नै वडा कार्यालय भवन नभएको हुँदा सेवा प्रवाह लगायतका विषय छिटो छरितो सम्पादन गर्न, वर्षेनी वडा कार्यालयको भाडामा भएको खर्च समेत कटौती गर्नु पर्ने भएको हुँदा वडा नं. ५ को १३६८ को २-१-१५ जग्गा र वडा नं. १६ को कि.नं. ६५५८ को ज.वि. १-१६-०<sup></sup>१/२ जग्गामा वडा कार्यालय भवन निर्माणको लागि जग्गाको प्राप्ती तथा भोगाधिकारको लागि प्रचलित कानून बमोजिमको प्रकृया अगाडि बढाउने ।

४) आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि हेटौंडा उपमहानगरपालिकाको विभिन्न वडाहरुमा डि.पि.आर. भएका योजनाहरु सहरी विकास तथा भवन निर्माण कार्यालयबाट सञ्चालन हुने गरी बागमती प्रदेश सरकार अनुरोध गर्ने ।

५) हेटौंडा उपमहानगरपालिकालाई आवश्यक रहेका देहाय बमोजिमका कानून स्वीकृत गर्ने:

(क) हेटौंडा उपमहानगरपालिका पूर्व निर्मित भवन अभिलेखीकरण तथा नियमित कार्यविधि, २०८१

(ख) हेटौंडा उपमहानगरपालिका तयारी कक्षा एवम् भाषा शिक्षण सम्बन्धी निर्देशिका, २०८१

(ग) हेटौंडा उपमहानगरपालिका सामुदायिक विद्यालय दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८१

(घ) हेटौंडा उपमहानगरपालिका वृत्ति मार्गनिर्देशन सेवा सञ्चालनसम्बन्धी कार्यविधि, २०८१

६) हेटौंडा उपमहानगरपालिकाको स्थानीय पाठ्यक्रम "हाम्रो हेटौंडा" स्वीकृत गरी शैक्षिक सत्र २०८१ बाट उपमहानगरपालिका क्षेत्रभित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ८ सम्म नै लागू गर्ने र यसको प्रभावकारी अनुगमन गर्ने ।

७) आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि हेटौंडा उपमहानगरपालिकाको आन्तरिक आय संकलन गर्नको लागि विभिन्न शीर्षकमा आय ठेक्का लगाउनु पर्ने भएको हुँदा राजस्व परामर्श समितिबाट भएको न्यूनतम अंकमा केही प्रतिशतले वृद्धि गरी आय ठेक्काको न्यूनतम अंक कायम गर्ने ।

सजिव न्यौपाने
(प्रवक्ता)

# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
**बागमतीप्रदेश, नेपाल**

८) हेटौंडा उपमहानगरपालिकालाई आवश्यक रहेको देहाय बमोजिमको कानून तर्जुमा र संशोधन गर्नको लागि सैद्धान्तिक सहमति दिने:

(क) हेटौंडा उपमहानगरपालिका उद्योग व्यवसाय दर्ता सम्बन्धी ऐन,

(ख) हेटौंडा उपमहानगरपालिका सार्वजनिक सम्पत्ती व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि,

(ग) हेटौंडा उपमहानगरपालिका उद्यमी समूह गठन, व्यवस्थापन तथा सञ्चालन अनुदान कार्यविधि, २०८० को पहिलो संशोधन,

(घ) हेटौंडा उपमहानगरपालिका कृषि तथा पशुपालन अनुदान वितरण कार्यविधि, २०७९ को पहिलो संशोधन ।

९) हेटौंडा उपमहानगरपालिका वडा नं. ६ कान्तिराजपथमा निर्माण भएका घर टहरा र पर्खालहरु सडक क्षेत्राधिकार भित्र परेको हुँदा सडक क्षेत्राधिकार कायम गरी पाउन स्थानीयबासीले दिनु भएको निवेदन बमोजिम त्यस्ता सडक क्षेत्राधिकार भित्र परेका संरचनाहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानून बमोजिम हटाई सडकको क्षेत्राधिकार कायम गर्ने ।

सविन न्यौपाने
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८१/०१/१८